# स्याङ्जा अस्पतालमा नयाँ अक्सिजन प्लान्ट जडान सम्बन्धमा ।

स्याङ्जा जिल्ला अस्पतालमा प्रयोग बिना डम्पिङ भैरहेको नयाँ अक्सिजन प्लान्टलाई सञ्चालनमा ल्याउनको लागि स्याङ्जाका प्रमुख जिल्ला अधिकारी श्री राजु प्रसाद पौडेलबाट निरन्तर प्रयास भैरहेको छ । कोभिड -१९ को तेस्रो लहर चलिरहेको यस विषम परिस्थितिमा नयाँ अक्सिजन प्लान्ट जडानका लागि गण्डकी प्रदेशका मुख्य मन्त्री, स्वास्थ्य मन्त्री एवं सचिव र नेपाल विद्युत प्राधिकरणसँग समन्वय गरेर अक्सिजन प्लान्ट सञ्चालनमा ल्याउन निरन्तर पहल भैरहेको छ । अक्सिजन प्लान्ट सञ्चालनमा ल्याउनको लागि जिल्ला प्रशासन कार्यालय, जिल्ला कोभिड व्यवस्थापन समिति र प्रमुख जिल्ला अधिकारीबाट सम्बन्धित सरोकारवालाहरुसँग निरन्तर ताकेता एवं समन्वय भैरहेको व्यहोरा समेत जानकारीको लागि अनुरोध छ ।








